# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०४।१० गते

# प्रेस विज्ञप्ति

**विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको।**

---

स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौंका उप-महानिर्देशक डा. रमेश बिक्रम सिंहले सर्लाही जिल्लास्थित हेमपुर स्वास्थ्य चौकीमा कार्यरत विभाग अन्तर्गतकै कर्मचारीको अघिल्लो आ.व. को कार्यसम्पादन मुल्याङ्कन फाराम भरी मूल्यांकन पछि सहिछाप गर्ने/गराउने क्रममा निवेदकसँग रु.१०,०००/–(अक्षेरुपी दश हजार) घुस रकम माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगम, टंगालबाट खटिई गएको टोलीले निज उप-महानिर्देशक डा. रमेश बिक्रम सिंहलाई निजकै कार्यकक्षबाट रु.१०,०००/-(दश हजार) घुस रकम लिंदै गर्दाको अवस्थामा घुस रकम सहित मिति २०७४।०४।०९ गते नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता